# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

## ८ असार २०७७

## सोमबार

## (बैठक सङ्ख्या–२९)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा सोमबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय देवेन्द्र दाहाल । समय १० मिनेट । यसपछि माननीय जितेन्द्र नारायण देव ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्षज्यू, आज म केही हाम्रै केही विषयहरू, केही जिज्ञासाहरूको बारेमा बोल्न लागिरहेको छु । मलाई लाग्छ मभन्दा अघिल्ला मभन्दा अघिल्लो कार्यकालका माननीयज्यूहरूले पनि यी विषयहरू उठाइसकेको हुनुपर्छ । र मैले आज पहिलो कुरा हामी सांसदहरूले बोलेका विषयहरू पब्लिक खपतको लागि मात्र हो कि जस्तो अनुभव भइरहेको छ । यहाँ हामीलाई विभिन्न समयमा बोल्न दिइँदो रहेछ । शून्य समय, विशेष समय र विभिन्न विधेयकहरू उपर छलफलमा चाहिँ दिइने ३

मिनेटको समय । मलाई लाग्छ त्यसमध्ये शून्य समय र विशेष समयमा बोलेका कुराहरू बेवारिसे भइरहेका अनुभूति लागिरहेको छ, भइरहेको छ । सांसदहरूले बोलेको कुरा भिडियो हुने, अडियो रेकर्ड हुने, बोलेका कुराहरू दस्तावेजी रूपमा रेकर्ड हुने यो असाध्यै राम्रो कुरा हो । तर अब त्यस पछाडि के हुन्छ भन्ने कुरा छ । त्यस पछाडि रेकर्डमा मात्र सिमित हुन्छ । धेरै भए सांसदहरूले आफूले बोलेको कुराहरू रेकर्ड खोलेर हेर्ने त्यसले गर्दाखेरि जनताका कुरा उठ्ने तर काम नहुने कुराले खासै अर्थ राख्ने देखिएको छैन । मैले यो छोटो अवधिमा गरेको महशुस हो । त्यसैले सम्माननीय अध्यक्षज्यू मेरो अनुरोध छ । संसद भनेको मुलुकको नीति निर्माणको लागि सर्वोच्च निकाय हो । त्यसै गरेर यवात् समस्याहरू देशव्यापी रूपमा उठिरहेका यावत् समस्याहरू उठाउने जनताको तर्फबाट चाहे तिनी तत्कालीन हुन्, चाहे तिनी दीर्घकालीन प्रकृतिका हुन् । गम्भीर समस्याहरूको सुनुवाइ हुने ठाउँ पनि हो । ती समस्याहरू कहिले न्याय नपाएका समस्या हुन सक्छन्, कहिले बाढी पीडितका समस्या हुन सक्छन् । कैयौं दिन महिनौंदेखि बाटो पूल नबनेका समस्या हुन सक्छन् । सामाजिक भेदभावका समस्याहरू हुन सक्छन् । राष्ट्रियतासँग सम्बन्धित समस्याहरू हुन सक्छन् । विभिन्न महामारीको समस्या हुन सक्छन् । स्कुल, कलेज नखुलेका समस्या हुन सक्छन् । विदेशमा विभिन्न मानिसहरूले दुःख पाएका समस्याहरू हुन सक्छन् । यी सबै समस्याहरू हामीले उजागर गरिरहँदा उठाइरहँदाखेरि त्यसको सुनुवाइ नभइरहेको अवस्था देखिएको छ । अर्थात् कुराहरू उठाइन्छ तर ती कुराहरू चाहिँ त्यसको जवाफ प्राप्त हुँदैन । त्यसैले सम्माननीय अध्यक्षज्यू म अनुरोध गर्न चाहन्छु । कि अगामी दिनमा हाम्रो यो संसद राष्ट्रिय सभाले एउटा त्यस्तो टोली नै निर्माण गर्नु पर्‍यो । जसले गर्दा सांसदले उठाएका कुराहरू सम्बन्धित निकायमा पठाउने र ती सम्बन्धित निकाय मार्फत् यो सदनमा उठेका कुरो हुँदा प्राय गरेर त सदनमा नै जवाफ दिँदा राम्रो, आउँदा राम्रो नभए पनि सम्बन्धित सांसदले त्यसको बारेमा जवाफ पाउनु पर्ने अर्थात् त्यो के भइरहेको छ त्यसको status को बारेमा जानकारी पाउनु पर्ने । यो विषय चाहिँ यो हुनु पर्छ भन्ने लाग्छ । यसको लागि सम्माननीय अध्यक्षज्यू मार्फत् यो म ध्यान आकर्षण गराउन चाहन्छु ।

दोस्रो कुरा, यो सांसदले उठाइसकेको, सांसदले यो सदनमा उठाइसकेपछि फेरि मन्त्रीका ढोका-ढोका धाउनु पर्ने अवस्था नहोस् । र यहाँ माननीय सभासद्हरूले, सांसदहरूले कुरा उठाउनु भयो । अनेक खालका समस्याहरू यहाँ बताउनु आफ्ना कुराहरू राखेको तर सुनुवाइ नभएको कुराहरू गर्नु भयो । त्यसकारणले गर्दा संसदमा उठाइन्छ, संसदमा उठाएका कुराहरूको उठाउने अनि त्यस पछाडि मन्त्रीका ढोका-ढोका धाउनु पर्ने त्यस्तो अवस्था नहोस् । त्यसकारणले गर्दा यो सदन मार्फत् यो राष्ट्रिय सभा मार्फत् म सम्माननीय अध्यक्षज्यू मार्फत् यो कुरा ध्यान आकर्षण गराउन चाहन्छु । दोस्रो कुरो सम्माननीय अध्यक्षज्यू, कानून निर्माण हाम्रो पहिलो काम हो । आवश्यकताका आधारमा सरकारले विधेयक प्रस्तुत गर्ने वा सांसदलाई बिजनेस दिने गर्दछ । राष्ट्रिय सभाको विद्यायन समितिमा प्राप्त विधेयकउपर हामी व्यापक छलफल गर्छौं । बहुत मेहनतका साथ निष्कर्ष निकाल्छौं । र कानून तयार पार्छौं । अनि हामी सदनमा प्रस्तुत गर्छौं । सायद आज पनि दुई वटा विधेयक छलफल पूरा गरी तयार भएर यो

सदन समक्ष प्रस्तुत हुँदैछन् । एकछिन पछाडि प्रस्तुत हुँदैछन् । मैले यो कार्यसूचीमा देखेको छु । तर हाम्रो सदनले छलफल पूरा गरेर पठाएका विभिन्न विधेयकहरू ती वेवारिसे अवस्था जस्तो रहेको, धेरै लामो समयदेखि pending मा रहेको र आवश्यकताका आधारमा कानून निर्माण गर्ने र त्यो कानून निर्माण भइसकेपछि पनि त्यसलाई पूर्णता नदिने, त्यो बीचमै अड्किने यस्तो किन भइरहेको छ ? यो सम्माननीय अध्यक्षज्यू मार्फत् म ध्यान आकर्षण गराउन चाहन्छु । मैले के यहाँ हाम्रो web site बाट हेर्दाखेरि के देखेँ भने ज्येष्ठ नागरिक सम्बन्धी पहिलो संशोधन विधेयक, २०७५ यो २०७५/११/२६ मा पठाएको रहेछ सम्माननीय अध्यक्षज्यू । नागरिक लगानी (दोस्रो संशोधन) विधेयक, २०७५ यो २०७५/१२/०४ मा प्रतिनिधि सभामा पठाएको रहेछ । नेपाल इञ्जिनियरिङ्ग परिषद् पहिलो संशोधन विधेयक, २०७६, २०७६/०९/१४ मा प्रतिनिधि सभामा पठाएको रहेछ । संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध व्यवस्थापन विधेयक, २०७५, २०७६/१०/०६ गते प्रतिनिधि सभामा पठाएको रहेछ । नेपाल मिडिया काउन्सिल विधेयक, २०७५, २०७६/१०/२३ मा पठाएको रहेछ । नेपाल विशेष सेवा विधेयक, २०७६, २०७६/१२/०६ गते पठाएको रहेछ । त्यस्तै गरेर काठमाडौं उपत्यका सावजनिक यातायात व्यवस्था विधेयक, २०७६, २०७६/१२/०२ मा पठाएको रहेछ । त्यसमध्ये मैले त देखेँ २ वटा विधेयकहरू त डेढ वर्ष अगाडि पठाएका विधेयकहरू रहेछन् । अरु विधेयकहरू पनि ६ महिना अगाडिसम्म पठाएका रहेछन् । त्यसकारणले गर्दा अब यी विधेयकहरूको बारेमा यी कानूनहरू निर्माण गर्ने, यत्रो मेहनत गरेर कानूनहरू निर्माण गर्ने अनि त्यसपछाडि त्यसलाई pending मा राख्ने यस्तो कुराको जवाफ कसले दिने हो ? र सरकारले दिने अथवा मन्त्रीहरूले दिने सम्बन्धित मन्त्रीले दिने अथवा सम्माननीय अध्यक्षज्यूले नै दिने हो कि अर्थात् सम्माननीय अध्यक्षज्यूले प्रतिनिधि सभाका सभामुख मार्फत् यो कुराहरू हामीलाई जानकारी गराउने हो । त्यसकारण यी विधेयकहरू कति महिनासम्म pending मा राख्न पाइने ? यसको बारेमा हामीले एउटा निश्चित एउटा प्रावधान बनाएनौं भनेदेखि कानून निर्माण हुने तर ती कानून चाहिँ अगाडि नबढ्ने । कानून निर्माण भइसकेपछि पनि हामीले सम्माननीय अध्यक्षज्यू बारम्बार यहाँ यहीँ सदनमा पनि हामीले कुरा उठायौं । कानून निर्माण भइसकेपछि पनि वर्षौं दिनसम्म फेरि ती कानूनहरू कार्यान्वयन नहुने । कार्यविधि त्यसका नियमावली भन्ने र नियमावली र कार्यविधिमा वर्षौं दिन लगाउने त्यसले गर्दाखेरि जनताका कामहरू जुन गर्नका लागि कानून निर्माण गरिन्छ ती कानून समयमा नबन्दाखेरि जनताका कामहरू नहुने र पूर्णरूपले चाहिँ संविधान कार्यान्वयनमा पनि प्रश्न उठ्ने यस्तो खालको समस्याहरू भइरहेको छ । त्यसकारणले गर्दाखेरि यो सवालमा पनि मैले यो सदनमा ध्यान आकर्षण गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू मार्फत् यी कुराहरू हामीलाई जानकारी हुने वा के हो ? यसको बारेमा मलाई त्यति जानकारी छैन । कोबाट जानकारी पाउनु पर्ने ? मलाई त लाग्छ यो सदनमा सम्माननीय अध्यक्षज्यू मार्फत् नै यो हामीलाई जानकारी प्राप्त हुनु पर्ने हो । भएन भने पनि सरकारलाई सम्माननीय अध्यक्षज्यूले सरकारलाई rulling गरेर सरकारको माध्यमबाट यी कुराहरू हामीलाई जानकारी प्राप्त हुनु पर्ने हो । तर त्यो भइरहेको अवस्था छैन । त्यसकारणले गर्दा यी कानून

निर्माण गर्ने सन्दर्भमा पनि छिटोभन्दा छिटो ढङ्गले काम हुन सकोस् भनेर मैले यो ध्यान आकर्षण गराएको हुँ । सम्माननीय अध्यक्षज्यू मैले आज बाहिरका समसामयिक विषयभन्दाखेरि पनि भित्रकै केही हाम्रा आन्तरिक कुराहरूको बारेमा मैले कुराहरू उठाएँ । मैले जुन पहिलो कुरा उठाएँ यो पहिलो कुरा म आफैले महशुस गरेको कुरा हो र यस कुरालाई कसरी समाधान गर्ने यी कुराहरूको बारेमा पनि ध्यान जाओस् । हवस् त धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव । समय १२ मिनेट । यसपछि माननीय शेखर कुमार सिंह ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज म एउटा अत्यन्त संवेदनशील तर राष्ट्रिय हिसाबले एकदम गम्भीर विषयमा यो गरिमामय सदनको ध्यान आकृष्ट गर्न चाहन्छु र सम्माननीय अध्यक्ष महोदय मार्फत् मुख्य रूपमा सरकार र सत्ताधारी पार्टीको ध्यान आकृष्ट गर्न चाहन्छु । आज म धेरै कुराहरू गर्दिनँ । जुन विषयमा म प्रवेश गर्न खोजिराखेको छु त्यो विषयमा आज अलिकति म केही विषयको गम्भीर पाटोहरू, संवेदनशील पाटोहरूको बारेमा मात्रै कुरा गर्छु । यदि स्थिति बिग्रदैं गयो, यदि मुलुक मुडभेडको दिशामा जाँदै गयो, यदि सत्ताधारी पार्टीको गलत निर्णयको कारणले यदि यो मुलुक राजनीतिक दुर्घटनातिर जान खोज्यो भने त्यतिबेला लोकतन्त्रको लागि लडेको एउटा सिपाहीको नाताले जुन भाषा प्रयोग गर्नु पर्ने हुन्छ र जुन अन्तरवस्तु व्यक्त गर्नु पर्ने हुन्छ त्यो हैसियत त्यो हद्सम्म पनि नेपाली काँग्रेस संसदीय दल जान्छ भन्ने कुरा म निवेदन गर्न चाहन्छु । कुरा विषय भनेको वैवाहिक अङ्गीकृत नागरिकताको बारेमा ।

म २०५४ सालमा लोकेन्द्र बहादुर चन्द र नेकपा एमालेको संयुक्त सरकार हुँदाखेरि त्यतिबेला पनि यो विषयमा लामो समय काम गरेको मानिस र त्यस पछाडि अहिले भर्खरै संविधान निर्माण कालमा दोस्रो संविधान सभाको कालमा संविधान निर्माण भइराखेको बखत संविधान मस्यौदा समितिको म त्यो मानिस हुँ जो संविधान मस्यौदा समिति अन्तर्गत परिभाषा र नागरिकता उपसमिति थियो त्यो उपसमितिको संयोजकको नाताले मैले यो विषयलाई निरन्तर-निरन्तर हेरेको मानिस र यो विषयसँग खेलेको मानिस हुँ म । मलाई अत्यन्त दुःख लाग्छ । नेकपा जस्तो एउटा परिपक्व नेताहरूको पार्टी लामो समयदेखि नेपालको राजनीतिक आन्दोलनमा र विभिन्न खाले परिवर्तनहरूमा नेतृत्वमा साझेदारी राखेको पार्टीको सचिवालयले वैवाहिक अङ्गीकृत नागरिकताको सन्दर्भमा जे निर्णय गऱ्यो । म यो बहुत सन्तुलित भाषामा तर अत्यन्त गम्भीर ढङ्गले म के भन्न चाहन्छु भने तपाईंहरूको त्यो निर्णय जसको असर राज्य व्यवस्था र सुशासन समितिमा पऱ्यो । र प्रतिनिधि सभाको त्यो सम्बन्धित समितिले पास

गऱ्यो । अब त्यो प्रक्रियामा आएको छ प्रतिनिधि सभामा छलफल होला पछि हामीकहाँ पनि आउला । म पहिलो मेरो गम्भीर ध्यान आकर्षण बहुत गम्भीर ध्यान आकर्षण के गर्न चाहन्छु भने तपाईंहरूले अत्यन्त-अत्यन्त अदूदर्शी, अत्यन्त अपिरपक्व यो मुलुकमा साम्प्रदायिक द्वन्द्व भड्काउने र प्रकारान्तरले यो मुलुकलाई विभाजनतिर लैजाने र आजसम्म नेपालको परराष्ट्र नीति आम रूपमा हामी दुवै छिमेकी मुलुकहरूसँग राम्रो सम्बन्ध राख्ने तर विभिन्न कारणले भारतसँग हाम्रो विशेष सम्बन्ध छ भन्ने कुरा भन्दै जाने तर नेपालको कम्युनिष्ट आन्दोलनले नै आजसम्म हामी समदूरीको सिद्धान्तमा जान्छौं भनेर तपाईंहरू भन्दै आउनु भयो । तर तपाईंहरूका दुई वर्षदेखिको यो सभा दिवसको क्रियाकलाप हेर्दाखेरि तपाईंहरू समदूरीको सिद्धान्तमा पनि रहनु भएन । तपाईंहरूको foreign policy एक पाखे भयो । एउटा छिमेकीतिर तपाईंहरू लग्दै हुनु हुन्छ यो मुलुकलाई । तपाईंको पार्टीले लगोस् हामीलाई भन्नु केही छैन । नेपाली काँग्रेसले भन्नु केही छैन । तपाई ५० चोटी metting गर्नूस कम्युनिष्ट पार्टीसँग हामीलाई भन्नु केही छैन । तर यो राष्ट्र चाहिँ समदूरीकै सिद्धान्तमा जानु पर्छ यो राष्ट्र चीन र भारत दुवैसँग मित्रताको सम्बन्ध राख्नु पर्छ । दुवैलाई कसैलाई अगाडि कसैलाई पछाडि गर्नु हुँदैन भन्ने सिद्धान्त नै सही सिद्धान्त हो । किनभने हाम्रो यो politics नै यस्तो छ । हाम्रो भूगोल नै यस्तो छ, हाम्रो यो अवस्थिति नै यस्तो छ, location नै यस्तो छ । तर आज त्यतातिर सत्ताधारी पार्टीको निर्णयले गर्दाखेरि आज हामी हाम्रो जुन एउटा established जन्मकालदेखिको म भन्छु । २००७ सालपछि कमसेकम जुन foreign policy को foundation छ त्यो foundation माथि त सत्ताधारी पार्टीले एकपछि अर्को प्रहार गर्दै लगेको छ । यो message दुनियाँमा गएको छ । अब हामी चिनीयाँ क्यापमा गयौं भन्ने message गएको छ । के यो ठिक भइराखेको छ ? यसले के यो मुलुकको democracy लाई बलियो गर्छ यसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो गर्छ ? के यसले जे हाम्रो आन्तरिक राष्ट्रवाद छ त्यसलाई बलियो गर्छ । म त्यो निर्णयमा कुनै ऊ देख्दिनँ । ७ वर्षपछि नागरिकता वैवाहिक अङ्गीकृत नागरिकता लिने । ७ वर्षसम्म कुनै प्रमाण पत्र लिएर बस्ने के आधारमा ।

एउटा कुरा हेर्नुस् म बहुत सम्मानसाथ आदरभावले नेकपाका केन्द्रीय नेतृत्वलाई म आग्रह गर्न चाहन्छु । politics भनेको mind ले चल्छ दिमागले चल्छ तर cultural relation साँस्कृतिक सम्बन्ध भनेको heart to heart हुन्छ । हृदयको सम्बन्ध हो त्यो । heart को सम्बन्ध हो त्यो । कसैको cultural माथि आक्रमण गर्ने तपाईंलाई कुनै अधिकार छैन । नेकपाको नेतृत्वले यो तपाईं के एउटै त्यसको पछाडिको जे प्रचार भएको छ अहिलेसम्म कम्युनिष्ट आन्दोलनभित्रको बहस, आन्तरिक बहस र कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताहरूले जे बाहिर कुरा ल्याएको छ । त्यसको एउटै मग्छत के बुझिएको छ भने र के उहाँहरूले व्याख्या गर्दै हुनु हुन्छ भने विहार र UP मा नेपालका मधेशीहरूको सम्बन्धले गर्दाखेरि उताबाट आउने बुहारीहरूले नेपालको राष्ट्रियता खतरामा जान्छ । त्यसकारण नेपालको राष्ट्रियतालाई बचाउनको निम्ति विहार र यूवी सँगको जुन मधेशीहरूको वैवाहिक सम्बन्ध छ त्यसलाई प्रकारान्तले बिस्तारै-बिस्तारै तर योजनाबद्ध व्यवस्थित ढङ्गले फाल्नु पर्छ, तोड्नु पर्छ समाप्त

गर्नु पर्छ भन्ने नेकपाको मानसिकता हो । के यो reality हो त ? सम्माननीय अध्यक्ष महोदय । यो तोडेर टुट्ने सम्बन्ध हो ? यो कुनै पार्टीले, कम्युनिष्ट पार्टीले काँग्रेस पार्टीले कुनै पनि पार्टीले नेपाल र भारतको सम्बन्ध स्थापना गरेको यो विषय होइन । यो शताब्दीदेखि नेपाल र भारतको जनताले नेपाल र भारतको जनताले, इतिहासले, संस्कृतिले स्थापना गरेको सम्बन्ध हो यो । यसलाई तोड्न सकिँदैन । प्रवृत्ति त छ अहिले बिवाहावारीहरू पहिलाकोभन्दा आफै कम हुँदै गइराखेको छ । म आफै अन्तर जातीय विवाह गरेका मानिस हुँ । मेरा छोराछोरीहरू आफै चाहिँ कसै कोही पनि india मा विवाह गरेको छैन । आफै यो प्रक्रियामा जाँदैछ । एउटा अवस्था आउँछ जब बिवाहावारी आन्तरिक बिवाहवारी हुन्छ तर तपाईंहरू जुन by force भारतसँगको सम्बन्धलाई cut गर्ने भन्ने मानसिकता पालेर एउटा चिनीयाँको झोलामा नेपाललाई लैजाने भन्ने मानसिकता पालेर पुरानो ideology classical ideology को आधारमा जुन काम गर्दै हुनु हुन्छ त्यसले चाहिँ मलाई यति मात्रै म भन्छु भोलि राजनीतिक दुर्घटना भयो भने हामीसँगै तपाईं हामी मिलेरै भोलि जेल जानु पर्ने हुन्छ । हिजो पनि हामीसँगै जेलमा थियौँ र भोलि पनि म त्यो political accident म यो कुरा record गराउन चाहन्छु सम्माननीय अध्यक्ष महोदय । हिजोदेखि विरगञ्जदेखि राजविराजसम्म जुन जुलुस निस्किरहेको छ र नेपाली काँग्रेस जस्तो पार्टी अन्य मधेशवादी पार्टीहरू र नेपाली काँग्रेस जस्तो पार्टीलाई तपाईंहरू यसरी हेप्ने । के तपाईं प्रचण्डजीले मलाई भन्नु भएको कुरा यहीँ गरिमामय सदनमा मैले एक चोटि सुनाएको थिएँ । नेपाली काँग्रेसलाई हेपेर मधेशवादी दलहरूलाई हेपेर तपाईं एक्लै यो मुलुकलाई सञ्चालन गर्ने ? सम्भव छ त्यो ? political accident हुन्छ यो मुलुकमा सहमति नतोड्नु होस् । ५८ वर्षदेखिको २०२० को नागरिकता ऐन, २०६३ मा आउँदाखेरि संविधान बनाउने बेलामा त्यो सहमतिको दस्तावेज हो । मधेशवादी दल, नेपाली काँग्रेस तत्कालीन नेकपा एमाले र माओवादी मिलेर हामी national consensus को आधारमा संविधानको अन्तरिम संविधान, २०६३ बनाएका छौं, रचना गरेका थियौं र त्यसको त्यो नागरिकताको धारा सहमतिको धारा हो । अहिलेको संविधान वर्तमान संविधानमा पनि नागरिकता सम्बन्धी जुन व्यवस्था छ त्यसको ११ को (६) ले जे व्याख्या गरेको छ, त्यो एउटा सहमतिको व्याख्या हो । त्यसलाई चाहिँ उल्याउन पाइन्छ ? constitution असंवैधानिक रूपमा त यो काम गलत भइराखेको छ त्यसलाई अदालतले हेर्ला । तर म politically भन्दै छु आज तपाईंहरू गलत बाटोमा जाँदै हुनुहुन्छ ।

सम्माननीय अध्यक्ष महोदय, म यहाँ मार्फत् म सत्ताधारी पार्टीका आदरणीय नेताहरूलाई भन्न चाहन्छु । तपाईंहरूलाई लाग्दो हो अब नयाँ जनवादी क्रान्तिको बेला आइसक्यो । अब चिनीयाँ मोडलको समाजवाद स्थापना गर्ने बेला आइसक्यो । अब संविधानमा मारो भड्खालोमा छ नेपालको संविधान । जेसुकै होस् तपाईंहरूको त्यो निर्णय most extremist उग्रवामपन्थी मैले अस्ति पनि त्यो किताब left in communism an infantile deserve कुरा मैले गरेको थिएँ । उग्रवामपन्थी कम्युनिष्ट एक बाल रोग तपाईंहरू त्यो उग्रवादमा फस्दै हुनुहुन्छ । तपाईंहरू त्यो एकदम अत्यन्त परिपक्वबाटोमा तपाईंहरू जाँदै हुनु हुन्छ । यो मुलुक political दुर्घटनातिर जाँदै छ त्यतातिर तपाईं धकेल्ने काम मुलुकमा आगो लगाउने काम काँग्रेस र अन्य

सबै पार्टीहरूसँग भिड्ने काम र मुलुकलाई द्वन्द्व निम्त्याएर र सामन्तवादीलाई हेरेर फेरि हिजोका process हरूलाई मलजल गर्ने काम तपाईंहरू नगर्नुस् यो गर्दै हुनु हुन्छ । यो political कुराहरू मात्रै तपाईंहरू बीचमा राखेँ । जे काम गर्दै हुनुहुन्छ अत्यन्त अनुचित काम तपाईंहरू गर्दै हुनु हुन्छ । तपाईंहरूको सोँच नै गलत छ । बिहार र यूवी सँगको वैवाहिक सम्बन्ध तोडेर नेपालको राष्ट्र बलियो हुन्छ । जुन तपाईंहरूको चिन्तन छ । मानसिकता छ । त्यो खोडकोण मानसिकता छ । त्यो anti नियम nationalism आधारित छ । त्यो anti मधेशी nationalism मा आधारित छ । त्यो मानसिकता त्यो प्रगतिशील पार्टीले राख्ने मानसिकता होइन । मार्क्सवादीले, लेनिनवादी कम्युनिष्टहरूले अन्तर्राष्ट्रिय उदारवादी कम्युनिष्टहरूले राख्ने मानसिकता त्यो होइन । त्यो मानसिकता अत्यन्त मण्डले राष्ट्रवादी मानसिकता हो त्यो । अति क्रान्तकारी मानसिकता । क्रान्ति विरोधी मानसिकता हो त्यो । त्यसकारण आज सम्माननीय अध्यक्ष महोदय, यो विषयमा म यति मात्रै भन्छु । म निवेदन गर्न चाहन्छु । politically attrack गरेको हुँ र आग्रह गर्दै छु म यो पुनर्विचार होस् नेकपाका आदरणीय नेताहरूले यस विषयमा पुनर्विचार गर्नु होस् । नभए भोलि कम्युनिष्ट एकातिर काँग्रेस र मधेशवादी अर्कोतिर भएर मुलुकलाई राजनीतिक ध्रुवीकरणमा लैजाने मुडभेड गराउने र प्रकारान्तले संघीय लोकतान्त्रिक गणतन्त्रलाई पल्टाइदिने, दुर्घटना मुलुक दिने यो कामको अगुवाई तपाईंहरू नगर्नुस् । यो चाहिँ गम्भीरताका साथ म नेपाली काँग्रेसको संसदीय दलको तर्फबाट ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अब एक दुई मिनेट म अर्को विषय उठाउन चाहन्छु । त्यो भनेको भर्खरै १०/११ दिनको कुरा समय सकिसक्यो सकिन लाग्यो जे होस् यो धनुषाको कुरा हो । त्यहाँको प्रहरी हिरासतमा शम्भु सदा मसुहर उनी मृत्युवरण गरेका छन् । उनी त्यहाँ मरेका छन् बाथरुममा । विभिन्न किसिमका समितिहरू बनेको छ छानबिनहरू भइराखेको छ । म यति मात्रै भन्न चाहन्छु कि पुलिस हिरासतमा राम मनोहर यादवको हत्या भयो । पुलिस हिरासतमा सिराहको प्रियङ्का यादवको हत्या भयो । पुलिस हिरासतमा अहिले यो शम्भु सदा मुसहरको हत्या भएको छ । यसले गर्दाखेरि पुलिस प्रशासनको काम कारबाहीप्रति एउटा प्रश्न उठिरहेको छ । आजको लोकतान्त्रिक यो समाजमा पुलिस प्रशासन कस्तो हुने एउटा George Floyd मार्दाखेरि अमेरिकामा minneapolis मा hole अमेरिकाको पुलिस प्रशासन, पुलिस संस्थाको re-structuring कुरा चलिराखेको छ । हामी पनि democratic society मा कस्तो पुलिस structure खडा भन्ने विषय हो । ...(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- कुन चाहिँ नियममाथिको आपत्ति त्यो चाहिँ बताइदिनुस् माननीयज्यू । नियम केमा आपत्ति भयो । त्यो मात्रै बताऊँ अरु अरु बोल्ने नगरौं ।

**माननीय श्री परशु राम मेघी गुरुङ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- जनताको सर्वोच्च निकाय यो संस्थामा असाध्यै भ्रम हुने खालको, के छ भन्दाखेरि त्यो कुराहरू गर्ने कुरा चाहिँ गलत हुन्छ । त्यसैले यस्तो कुराहरूलाई चाहिँ यो जनताको प्रतिनिधि संस्था मार्फत् यस्तो कुराहरूलाई प्रष्ट पार्न जरुरी हुन्छ । त्यसैले यही यही नियम आपत्ति भयो अध्यक्ष महोदय ।

**सम्माननीय अध्यक्ष**:- बस्नुस् माननीय । यहाँहरूले आफ्नो विचार यस्तै विशेष समयमा राख्नु होला । कुनै नियम आकर्षित भएको छ । म बस्नलाई अनुरोध गर्दछु । बसौँ माननीय अहिले बसौँ अहिले त्यो आफ्नो समयमा राखौँला । बसौँ माननीय । मैले समय दिएको छैन । बसौँ अहिले ।

माननीय शेखर कुमार सिंह । समय ७ मिनेट ।

**माननीय श्री शेखर कुमार सिंह (राष्ट्रिय जनता पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, म अगाडिदेखि नै यो सदन सम्माननीय अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई ध्यान आकर्षण गराउँदै आएको छु । पुनः वर्षायामको बेला सुरु भइसकेको छ । माननीय जल स्रोत मन्त्रीजीलाई म पुनः ध्यान आकर्षण गराउँदै २ नम्बर प्रदेशका जति खोला नाला छन् त्यो त अहिलेसम्म केही त्यसमा तट्बन्धीय छेकबार गर्ने उपाय भएको त्यति सारो देखिएन । सँगसँगै राजविराज स्थित गैर नारायण सिंह उद्योग क्षेत्रमा खारुमा बाढी आएको बखतमा त्यो भेल पसी अति नै क्षतिजनक अवस्था सिर्जना गर्छ । त्यसमा माननीय मन्त्रीज्यूको ध्यान यथाशीघ्र पुगोस् र ती खारु तट्बन्धमा तल कैलारीतिलाढी वडा नम्बर १ मा जहाँ नयाँ बाँध निर्माण हुँदैछ त्यहाँ १० बिघा, मात्र १० बिघा जग्गा जो कि त्यो जग्गावालाहरूको अन्य ठाउँमा जग्गा पनि छैन उहाँलाई हामीले क्षतिपूर्तिको माग गर्दै आएका छौँ । त्यो व्यवस्थापन गरेर खारुको जो अलिकति तट्बन्ध बाँकी छ ४/५ सय मिटर त्यो सम्पन्न गराएर खारुबाट २ नम्बर क्षेत्रमा नै हुने गरेको प्रत्येक वर्षायाममा क्षतिबाट जोगाउनलाई सम्माननीय मन्त्रालय ध्यान जाओस् । त्यसै सँगसँगै सप्तकोशी नगरपालिकामा गंगाजली खोलका विष्णु बाँध अस्ति नै कटिसकेको छ । त्यसमा अहिलेसम्म कसैको ध्यान पुगेको छैन । त्यो गंगाजली खोला पुनः त्यो गाउँबाट पसेर हजारौँ बिघा कृषियोग्य जमिनलाई वालुवामा परिणत हुन्छ । त्यसमा यथाशीघ्र जलस्रोत मन्त्रालयको ध्यान पुगोस् । त्यो म निवेदन गर्न चाहन्छौँ । त्यस्तै सप्तरीदेखि पर्सासम्म जति पनि खोला छन् उत्तरबाट दक्षिण बगिराखेको छ र अगाडि पनि मैले भनेको थिएँ । गाउँमात्र होइन अब यातायातको साधन पनि बन्द हुन्छ । पूल र खोलाको hight को distance तीन फिट पनि बाँकी रहेको छैन । र अहिलेसम्म कतै खोलामा रिच्यानलेसन गर्ने काम सुरु भएको छैन । सम्माननीय महोदय, त्यसैले अब भएन भने अब कहिले गर्ने हो त ? बाढी आइसकेपछि गर्ने ? त्यसमा

सम्बन्धित मन्त्रालयको ध्यान जाओस् । नगए पुनः फेरि सबै कहाँको पुल भत्किन्छ, कहाँको बाटो जान्छ हामी सबै लकडाउन त भोगी नै राखेका छौँ यो कोरोनाको कारणले गर्दा । बाढीको कारणले पनि हामीलाई लकडाउन भोग्ने बाध्य पारिन्छ । त्यसमा माननीय मन्त्रीजीले ध्यान राखेर यथाशीघ्र काम गराइदिनु हुनु हुन्छ भन्ने म आशा पनि गऱ्या छु सँगै ।

सम्माननीय महोदय, हामी सप्तरीका किसानहरू पूर्वपट्टि क्षेत्रमा खेती गर्ने बेला आइसकेको छ । महङ्गो खात बिउ लगाएर महङ्गो कृषि खेतीको लगतमा हामी खेती लगाउँछौँ । खेती लगाइसकेपछि पुनः हात्ती आतङ्क बढी हुन्छ । जसलाई प्रतिवर्ष ५ सय ७ सय बिघा क्षति पुऱ्याइएको छ । त्यसमा केही गाउँपालिकाहरूमा हाइपोइन्ट बनाएको छ । एक वर्ष छोडी एक वर्ष मानवीय क्षति पनि हात्तीले गरेकै रहेछ । यसमा वन मन्त्रालयको ध्यान आकृष्ट गर्न मैले सुरुदेखि नै सदनमा बोल्दै आएको छु । अहिलेसम्म वनबाट पनि केही भएको छैन । कम्तीमा जो किसानहरूको ज्यान जोगाइदिनलाई पनि बेलकादेखि तल भारदेह कँकालीसम्ममा ८/१० वटा, १५ वटा हाइपोइन्ट बनाइ दिए पनि किसानहरू त्यो मचाआनमा बसेर हात्तीबाट जोगिन पनि सकिन्थ्यो र बाली नाली जोगाउन पनि सकिन्थ्यो । यसमा पनि वन मन्त्रालयले ध्यान दिओस् र प्रतिवर्ष हामी किसानले पूर्वबाट पश्चिमसम्म यो हात्ती आताङ्क कति सहिरहने ? यसका लागि पनि वन मन्त्रालयलको एउटा ठोस योजना हुनु पर्छ । आजभन्दा ५/७ वर्ष अगाडि हामीलाई पनि इटहरीदेखि पूर्व मङ्गलबारेदेखि उत्तर जाते भन्ने जङ्गलमा लगेर देखाइएको थियो उपयुक्त बासस्थान हो । र त्यहाँ हात्तीको व्यवस्थापन गरेर सरकारबाट forming गरेदेखि हात्ती पनि सुरक्षित हुने र त्यहाँबाट सरकारले नाफा पनि आउने हामी किसान पनि लक्षित हुने । यस्ता ध्यान पनि वन मन्त्रालयका जिम्मेवारीभित्र आउँछ । सम्माननीयज्यू यसमा वन मन्त्रालयको पनि ध्यान पुगोस् भनेर हामी चाहिराखेका छौँ । नभए प्रत्येक वर्ष पूर्व मेचीदेखि चितवनसम्ममा ५/७ जना मानवीय क्षति पनि हुन्छ नै त्यो हात्तीबाट र बाली नालीको नष्ट जे हुन्छ त्यो यथावत् नै छ । यतिमा नै म आफ्नो ध्यान आकृष्ट गर्दै सम्बन्धित मन्त्रालयहरूले ध्यान दिओस् भन्दै म आफ्नो दुई शब्द अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय मृगेन्द्र कुमार सिंह यादव । समय ५ मिनेट ।

**माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (राष्ट्रिय जनता पार्टी,)**ः- सम्माननीय अध्यक्ष महोदय, अस्ति ४ गते विनियोजन विधेयक छलफलको जवाफ दिने क्रममा सम्माननीय प्रधानमन्त्रीजीको भनाइ र उहाँले जुन बेसार महिमा पनि सुनाउनु भयो । अदुवा, लसुनको महिमा पनि सुनाउनु भयो । त्यसको लागि धन्यवाद । योग गुरु जस्तो केही योगका ज्ञान पनि दिनु भयो त्यसको लागि धेरै-धेरै धन्यवाद । साथै त्यसपछि म धन्यवाद दिँदै अध्यक्ष महोदय,

जुन नेकपाका सचिवालय बैठकबाट नागरिकता विधेयक सम्बन्धमा जुन निर्णय गऱ्यो निश्चित रूपमा सम्पूर्ण देशको ध्यान आकर्षण भएको छ । त्यसै क्रममा चाहिँ एकदम बहुमतको दम्भ अहङ्कार देखाउँदै जो राज्य व्यवस्था समितिमा हामीलाई एउटा सहमतिको बाटो छोडेर जुन गऱ्यो त्यसको लागि दुःख लागेको छ । अध्यक्ष महोदय, यो एउटा मुडभेड निम्ताउने के त्यो भारतीय चेलीहरू जो नेपाली केटासँग विवाह गरेर आउँदै छ तिनीहरू नै राष्ट्रघाती गऱ्या हुन् ? हाम्रो खेतहरू सुख्खा पारेर कोशीलाई बेच्ने, कोशी सम्झौता गर्ने के त्यो भारतीय चेलीहरू हुन् ? त्यसैले राष्ट्रघातीहरू तिर ध्यान छैन र यो एउटा समुदायमाथि, हाम्रो संस्कृतिमाथि हाम्रो परम्परामाथि हामी जब विवाह गर्छौं यो पनि भनिन्छ एक हातमा सिन्दुर र एक हातमा चाहिँ नागरिकता दिने । यस्तो कुरा पनि गरिन्छ । हो सिन्दुरको धेरै महत्व छ । हाम्रो परम्परामा सात फेरा लिइन्छ भने सात वटा कसम खाइन्छ कि तिम्रो हक अधिकारको सबै सुरक्षा हामी गर्छौं । त्यस्तो हाम्रो भावनामाथि, हाम्रा परम्परामाथि, हाम्रो संस्कृतिमाथि चोट हो यो । यो सचिवालय बैठकको निर्णय र राज्य व्यवस्था समितिको निर्णय । त्यसैले यसलाई गम्भीरतापूर्वक लिओस् । राष्ट्रलाई मुडभेडतिर नलगियोस् मेरो आग्रह छ । साथै यसमा म यतिकै भन्न चाहन्छु, अहिले । बढी नभनौं पछि हुँदै गर्छ अरु कुरा भनौंला पछि ।

अर्को कुरा अध्यक्ष महोदय, खेतिपातीको निश्चित रूपमा समय छ र हाम्रा विदेशमा रहेका नागरिकहरू पनि घरतिर आएका छन् र उनीहरू काम काज केही छैन । निश्चित रूपमा कृषि क्षेत्रमा नै लाग्छन् । तर सरकारको ध्यान पटक-पटक हामी कति पटक के भन्छ नीति तथा कार्याक्रम पनि संशोधन राखेर भने हाम्रो पार्टीबाट पनि कि मलखातको सुलभ र सस्तो र पर्याप्त मात्रामा व्यवस्था गरियोस् । तर मलको हाहाकार कतै मल पाइरहेको छैन । युरिया त पटकै पाइरहेको छैन । पहिले चाहिँ बोर्डरबाट लुकिछिपी ल्याएर पनि काम चलाउँथे तर अहिले त्यो पनि सम्भव छैन । त्यसैले त्यतातिर पनि ध्यान जाओस् र नागरिकता विधेयक सम्बन्धमा गम्भीरतापूर्वक सोचियोस् भन्ने म आग्रह गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म नेपालको संविधानको धारा १५९ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई "महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७५/०७६" सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फे**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले “महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७५/०७६” सभा समक्ष पेश गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति परशु राम मेघी गुरुङलाई “अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६” र “भ्रष्टाचार निवारण पहिलो संशोधन विधेयक, २०७६” सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु।

**माननीय सभापति श्री परशु राम मेघी गुरुङ**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको २०७६ साल माघ २२ गते बसेको बैठकले “अख्तियार दुरुपयोग अनुसन्धान आयोग ( तेस्रो संशोधन) विधेयक, २०७६” र मिति २०७६ फागुन ६ गते बसेको सभाको बैठकले “भ्रष्टाचार निवारण पहिलो संशोधन विधेयक, २०७६” माथि दफावार छलफलको लागि सभामा प्रतिवेदन पेश गर्नको लागि विधायन व्यवस्थापन समितिमा पठाएको थियो । प्राप्त संशोधन प्रस्ताव सहित उक्त विधेयकहरू माथि २०७७ साल वैशाख २८ गतेदेखि विभिन्न मितिहरूमा समितिको १६ वटा बैठक बसी दफावार छलफल गरी संशोधन सहित उक्त दुवै विधेयक सम्बन्धी प्रतिवेदन २०७७ साल जेठ २९ गते पारित गरिएको थियो । समितिको विभिन्न बैठकमा समितिका एवम् संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रमुख आयुक्त एवम् आयुक्तहरू, नेपाल कानून आयोगका अध्यक्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानून सचिवका साथै सम्बद्ध कर्मचारी एवम् कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बन्ध कर्मचारी लगायतको उपस्थिति रहेको व्यहोरा अनुभूत गर्न चाहन्छु। उक्त दुवै विधेयकहरूको प्रतिवेदन तयारीको कार्यमा सहयोग गर्नु हुने सम्बद्ध सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु र यो खासगरिकन यो विधेयकका सन्दर्भमा छलफलको क्रममा असाध्यै धेरै सहयोग पुऱ्याउनु हुने प्रतिपक्ष दलका नेता माननीय राधेश्याम अधिकारीज्यूलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु र यो विधेयकका बारेमा केही प्रसङ्गहरू यसको विधायकी मनसायका केही कुराहरूलाई मैले यहाँ राख्न उपयुक्त सम्झँदै सम्माननीय अध्यक्ष महोदयको अनुमतिले म केही निवेदन पनि गर्न चाहन्छु । खासमा यो दुई वटा विधेयकहरू यो अख्तियार अनुसन्धान आयोगसँग सम्बन्धित र भ्रष्टाचारसँग सम्बन्धित दुई वटा विधेयकहरू तीन वटा कारणले वास्तवमा आएको देखिन्छ । एउटा त संविधानको अनुकूल बनाउनको लागि यो भ्रष्टाचारसँग सम्बन्धित विधेयकलाई प्रस्तुत भएको छ किनभने पहिला संविधान अनुसार अख्तियार अनुसन्धान आयोगको कार्यक्षेत्र चाहिँ कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार र अनुचित कार्य गरी पदको दुरुपयोग गरेमा चाहिँ कारबाही

गर्ने प्रबन्ध थियो भने संविधानले त्यो अनुचित कार्य भन्ने शब्दलाई यो संविधानमा नरहेको कारणले गर्दा तद्अनुकूल व्यवस्थापन गर्नको लागि पनि र त्यो अनुचित कार्यका कुराहरूलाई पनि कसरी चाहिँ कानूनमा समावेश गर्ने भन्ने हिसाबबाट यसलाई संविधान अनुकूल बनाउनको लागि यो यसलाई संशोधन गर्नु पर्ने एउटा आवश्यकता रहेको देखिन्छ भने दोस्रो भनेको नेपाल चाहिँ यो भ्रष्टाचार सम्बन्धी जुन विश्व महासन्धि छ त्यो महासन्धिको पक्ष राष्ट्र भएको कारणले महासन्धिको भावना अनुरूप पनि यी ऐनहरूलाई मिलाउनु पर्ने भएको कारणले गर्दा पनि यो संशोधनको रूपमा आएको देखिन्छ ।

खासगरिकन महासन्धिले पब्लिक क्षेत्र, प्राइभेट क्षेत्र र political पार्टी लगायत सबै क्षेत्रहरूको भ्रष्टाचार हेर्नको लागि स्वतन्त्र निकायलाई जिम्मा दिनु पर्छ अथवा कुनै ombudsman system भनिँदो रहेछ पश्चिमी क्षेत्रतिर अथवा खासगरि युरोपतिर तर त्यो अनुरूप चाहिँ के छ पनि हामीले यो बिललाई यो विधेयकलाई व्यवस्थापन गर्नुपर्ने भएको कारणले गर्दाखेरि यसलाई संशोधन गर्नु पर्ने देखिन्छ र तेस्रो भनेको चाहिँ यसका अहिले जुन सरकारको आफ्नो प्रतिबद्धता छ भ्रष्टाचार नगर्ने, भ्रष्टाचार गर्न नदिने जुन प्रतिबद्धता छ त्यो प्रतिबद्धता अनुसारका पनि कतिपय यो ऐनभित्रका विषयवस्तुहरूमा व्यवस्थापन गर्नुपर्ने भएको कारणले यो चाहिँ संशोधनको लागि आएको देखिन्छ र खासगरिकन यहाँ बाहिर फेर अलिकति बढ्ता हल्ला चर्चामा आएको के छ भन्दाखेरि चाहिँ अब यसले सबै क्षेत्रलाई राज्यले सबै चाहिँ अख्तियारलाई जिम्मा दिने भयो भन्ने खालको हल्ला प्रसङ्गहरू पनि आएको प्रसङ्गमा म यति मात्रै निवेदन गर्न चाहन्छु कि वास्तवमा यो भ्रष्टाचारका सम्बन्धमा जुन विश्व महासन्धि छ त्यो महासन्धिको अवधारणालाई पनि हामीले adapt गर्नुपर्ने भएको हुनाले निजी क्षेत्रलाई पनि भ्रष्टाचार हेर्नको लागि सम्बन्धित निकायलाई केही न केही space दिनुपर्ने एउटा हाम्रो त्यो महासन्धिको प्रावधान अनुरूप पनि भएको कारणले सरकारले चाहिँ प्रचलित कानून बमोजिमका केही संघ संस्थाहरूलाई हेर्ने गरी यो प्रस्ताव आएको र छलफलबाट हामीले खासगरिकन यो पहिला पनि भएको व्यवस्था कि सरकारले तोके अनुसार अन्य संघ, संस्थाहरूलाई पनि हेर्न सक्ने जिम्मा जो पहिला पनि व्यवस्थामा थियो । त्यही व्यवस्था अनुरूप नै अहिले खासगरिकन यो के छ भन्दाखेरि पब्लिक लिमिटेड कम्पनीहरू जो सेवा प्रवाहको क्षेत्रमा कार्यरत छन् । ती संस्थाहरूको बारेमा सरकारले तोकेर चाहिँ ती कुराहरूलाई हेर्न सक्ने provision का साथ यसलाई व्यवस्थापन भएको छ । त्यसो भएको हुनाले यो सबै चाहिँ संघ संस्था, महिला उपसमिति, महिला समूहलाई पनि अख्तियारको जिम्मा लाउने भयो भन्ने खालको जो बाहिर भ्रम छ त्यस्तो नरहेको व्यहोरा समेत म निवेदन गर्दै सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समितिद्वारा पारित "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" र "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" सम्बन्धी प्रतिवदेन सम्मानित सदन समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको धोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथिको दफावार छलफल प्रारम्भ हुन्छ । उक्त विधेयकका सम्बन्धमा कुनै पनि माननीय सदस्यबाट संशोधन प्रस्ताव दर्ता हुन नआएको व्यहोरा जानकारी गराउँछु । दफावार छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका

सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावउपर कुनै पनि माननीय सदस्यले छलफलमा भाग नलिनु भएकोले उक्त प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ र ३ लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ र ३ लाई सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

"**प्रस्तावना**: केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशले प्रतिस्थापन गर्ने विधेयक, २०७७ पारित गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ पारित गरियोस्" भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७” सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकको सम्बन्धमा निर्धारित समयभित्र सुझाव सहित कुनै पनि सूचना पेश नभएको व्यहोरा जानकारी गराउँछु । अब उक्त विधेयकको दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका

कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मैले यो आर्थिक विधेयकको सन्दर्भमा अस्ति नै सैद्धान्तिक छलफलको क्रममा आफ्ना कुराहरू केही राखिसकेको छु र माननीय अर्थ मन्त्रीज्यूको ध्यान आकर्षित गराइसकेको थिएँ मैले । आजको खासगरेर यो दफावार छलफलको क्रममा ५ वटा कुरामा यो कर दर निर्धारणसँग सम्बन्धित विषय हो यो । ५ वटा कुरामा ध्यान आकर्षण गराउन चाहन्छु । र यी विषयहरूमा माननीय अर्थ मन्त्रीज्यूको विचार म सुन्न चाहन्छु । पहिलो चाहिँ यो एउटा दफामा यो आर्थिक विधेयकवाला दफामा विद्युतीय गाडीको भन्सार महशुल बृद्धिको विषय छ । यो चाहिँ धेरै चर्चा भएको विषय पनि हो । यसबारेमा के thinking चल्दै छ अहिले माननीय अर्थ मन्त्रीज्यूको केही re-thinking भएको छ या यथावत् छ भन्ने एउटा विषय । दोस्रो भनेको यो कृषि क्षेत्रको लागि अत्यन्त आवश्यक रसायन मलखादमा 5 percent यसपालि जुन यो भन्सार महशुल दर बढाइएको अवस्था छ । यसबारेमा केही re-thinking चलिराखेको छ कि छैन भन्ने दोस्रो विषय । तेस्रो विषय भनेको कृषिसँग सम्बन्धित नै यो hybrides को बिउ बिजनको सन्दर्भमा पहिलाको जुन हो custom duty थियो १० percent को त्यो यसपालि बढेर १५ percent मा गएको छ । कृषि क्षेत्रलाई यो अलिकति उत्साहजनक कर निर्धारण भएन कि भन्ने मलाई लागेको हो । अब यसबारेमा माननीय अर्थमन्त्रीज्यूको धारणा के छ भन्ने तेस्रो कुरा । चौथौं कुरा भन्दाखेरि यो एउटा दफामा पूर्वाधार विकास करको सन्दर्भमा petrol र diesel मा प्रतिलिटर १० रुपियाँको दरले पूर्वाधार विकास कर भन्सार बिन्दुमा असुल गर्ने भन्ने कुरा परेको रहेछ । अब यो विषय नै नहुनु पर्ने विषय त होइन । विषय ठिक छ तर करको दर अलिकति बढी भयो कि भन्ने मलाई लागेको हो । त्यसकारण चौथौ विषय यो र पाँचौं विषय भनेको अलिकति संवेनशील विषय । यो शीर्षक १०४ बुँदा ०२ सँग सम्बन्धित छ । बच्चाहरूलाई खानाको रूपमा खुवाउने खुवाउन मिल्ने दुधको हकमा पैठारी भन्सार महशुल दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा ४० अब यो baby food को सन्दर्भ अलि संवेनशील भएको हुनाले यसमा यो कर निर्धारणको सन्दर्भलाई अलिकति घटाउन सकिन्छ कि भन्ने माननीय अर्थ मन्त्रीज्यूको ध्यान यो विषयमा पनि आकर्षित गराए । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूलाई आर्थिक विधेयकमा सुझाव दिनु भएकोमा धन्यवाद । विद्युतीय गाडी पेट्रोलियम गाडीको राम्रो विकल्पको रूपमा विकास गर्नु पर्छ सरकारको मान्यता यही नै हो । खासगरि आयतित पेट्रोलियम प्रदुषण लगायतको कुराहरूले गर्दाखेरि र हाम्रा जलवायु परिवर्तनसँगको हाम्रा प्रतिबद्धता समेतको कारणले क्रमशः हाम्रा सवारी साधनहरू विद्युतीय माध्यमबाट नै चलाउनु पर्छ यसमा कुनै दुई मत छैन । त्यो गरिरहँदा सरकारको प्राथमिकता चाहिँ विद्युतीय तर सार्वजनिक यातायातको साधन हो । खासगरि ठुला सहरमा केन्द्रित यातायातको साधन विद्युतीय भएर मात्रै हाम्रो समस्या समाधान हुँदैन । प्रदुषण त कम होला तर त्यसले traffic congestion ल्याउने कुराहरू र त्यसले अलि ठुलै मात्रामा विदेशी मुद्रा खर्च गराउने कुराहरू पेट्रोलियमको खपतसँग जोडेर हेर्ने हो भने त्यसमा पनि त्यति बुद्धिमतापूर्ण निर्णय हुन सक्दैन । त्यसो भएको हुनाले सार्वजनिक यातायातका साधनहरूमा १ प्रतिशत भन्सार छ विद्युतीय गाडीमा त्यो यथावत् नै छ र विद्युतीय गाडी मात्रै होइन विद्युतीय अरु उपकरणहरू पनि प्रयोगमा ल्याउनु पर्छ । र विद्युतको खपत बढाउनु पर्छ भनेर धेरै कार्यक्रमहरू विद्युतको खपत बढाउने कार्यक्रमहरू ल्याइरहँदा सरकारले खासगरि भान्सामा प्रयोग गर्ने विद्युतीय उपकरणहरूदेखि लिएर त्यसपछि अरु पनि प्रकारका सेवाहरूमा उत्पादनमा विद्युतीय प्रयोग गर्ने कुरा हो । त्यो गरिरहँदाखेरि अलिकति विद्युत आफै पनि सर्वसुलभ हुनुपर्छ भन्नेर सरकारले दरहरू, विद्युतका महशुलहरू पनि समायोजन गरिसकेको अवस्था छ । त्यसो भएको हुनाले सार्वजनिक यातायातको साधनको हकमा यो महशुल नबढाएको र निजी सवारी साधनको हकमा अहिले तत्काललाई सरकारले यो चाहिँ परिवर्तन गर्नुपर्ने आवश्यकता देखेको छैन माननीय सदस्यज्यूलाई मैले अनुरोध गर्न चाहेँ ।

कृषिमा रासायनिक मलको भन्सार बढेको छैन माननीय सदस्यज्यू । सम्माननीय अध्यक्षज्यू मार्फत् म यो फेरि स्पष्ट गर्न चाहन्छु । औद्योगिक प्रयोजनको लागि उद्योगहरूले रसायनको रूपमा प्रयोग गर्ने त्यो किसिमको केमिकलहरू जो रासायनिक मलको रूपमा पनि आउन सक्छ । त्यस्ता वस्तुहरूको मात्रै भन्सार महशुल बढाइएको हो । कृषकले कृषिमा प्रयोग गर्ने रासायनिक मलहरूमा कुनै पनि भन्सार महशुल बृद्धि भएको छैन । कृषिका अरु कराहरू दुई प्रकारले लगाएको छ । एउटा नेपालको कृषिको संरक्षण गर्नलाई कृषि क्षेत्र हाम्रो कस्तो छ

भने छिमेकी मुलुकुसँग खुल्ला सीमाना छ, प्रतिस्पर्धा गर्नुपर्छ र त्यो प्रतिस्पर्धा गरिरहँदा कतिपय वस्तुहरूमा हामी आत्मनिर्भर भनिरहने कुरा गर्दाखेरि ती वस्तुहरूको आत्मनिर्भरताले कतिपय अवस्थामा संरक्षण पनि माग्छ । र हामीले दिने अनुदान छिमेकी मुलुकका अनुदानभन्दा कतिपय अवस्थामा त्यति त्यो लेबलमा छैनन् पनि । हामी क्रमश बढाउँदै छौँ तर पनि हाम्रा अनुदानहरू अझै त्यो प्रतिस्पर्धी तहमा पुगी नसकेको अवस्थामा हामीले भन्सारका दरहरूबाट पनि हाम्रो कृषि क्षेत्रलाई संरक्षण गर्नुपर्ने हुन्छ । कतिपय कृषिजन्य वस्तुहरूको भन्सारको दर समायोजन गर्दाखेरि यो पाटोलाई पनि हेरिएको छ । पूर्वाधार विकास करको सन्दर्भमा यो भन्सार बिन्दुमा असुल्ने सन्दर्भमा पहिलो ५ रुपियाँ थियो त्यसलाई १० रुपियाँ बनाएको र खासगरि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियमको मूल्य घटेको छ । अहिले त क्रमश बढ्न पनि थालेको छ । तर घटेको अवस्थामा र नेपालले ल्याएको पेट्रोलियम पदार्थ जुन भारतबाट हामीले आयात गर्छौं । नेपाल र भारतको बीचमा खासगरि पेट्रोल र डिजेलको मूल्यअन्तर २० रुपियाँभन्दा बढी भयो प्रतिलिटर । त्यसले गर्दा सीमावर्ती क्षेत्रमा हामीले आयात गरेको पेट्रोलियम चाहिँ हामीले उपभोग गर्न नपाउने स्थिति पनि सिर्जना भयो र त्यसो हुनाले अब हामीले यो अन्तर्राष्ट्रिय मूल्य पनि स्थिर र प्रायः घटेको अवस्था र सरकारलाई राजश्व पनि चाहिने र सीमावर्ती क्षेत्रको मूल्य फरक । नेपालमा भारतमा भन्दा २० रुपियाँदेखि २५ रुपियाँसम्म सस्तो भएको अवस्थामा यो पूर्वाधार कर लगाइएको हो । यसलाइृ मैले भनेको पनि थिएँ कि आयाल निगमको वित्तीय अवस्था र तत्कालीन मूल्य बृद्धिको अवस्थालाई ध्यानमा राखेर यसले प्रतिकूल असर नपर्ने तर राजश्वमा योगदान दिने गरी नै यो गरिएको हो । अब बाँकी केही करहरू समायोजन गर्न सकिन्छ कि हेर्न सकिन्छ कि भन्ने कुराहरू माननीय सदस्यज्यूले भन्नु भएको छ । संसदबाट प्राप्त सुझावहरूलाई सरकारले अगामी दिनहरूमा कर सम्बन्धी, भन्सार सम्बन्धी नीतिहरू बनाउँदा दरहरू पुनरावोलकन गर्नुपर्दा ध्यानमा राख्ने नै छ भन्दै मेरो भनाइ यहीँ टुङ्ग्याँउछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३८ सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

-“हुन्न”

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि ३८ सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म बहुमतले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७” को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

“**प्रस्तावना**: नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजश्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७७” रहेको छ ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३३, ३४ र ३६ तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू सम्बत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।”

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७ को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

-“हुन्न”

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७” को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम “आर्थिक विधेयक, २०७७ लाई मूल रूपमा नै सुझाव बिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्” भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

“आर्थिक विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्” भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

-“हुन्न”

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले “आर्थिक विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्” भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक,

२०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र सुझाव सहितको कुनै पनि सूचना पेश नभएको व्यहोरा जानकारी गराउँछु । अब उक्त विधेयकको दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावउपर कुनै पनि माननीय सदस्यले छलफलमा भाग नलिनु भएकोले उक्त प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको विधेयकको दफा २ सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

"**<u>प्रस्तावना</u>**: आर्थिक वर्ष २०७७/०७८ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सम्बत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।"

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “ऋण तथा जमानत ( चौबीसौं संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र सुझाव सहितको कुनै पनि सूचना पेश नभएको व्यहोरा जानकारी गराउँछु । अब उक्त विधेयकको छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिन प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “ऋण तथा जमानत ( चौबीसौं संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्तावउपर कुनै पनि माननीय सदस्यले छलफलमा भाग नलिनु भएकोले उक्त प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" को अङ्ग बनेको घोषण गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

"**प्रस्तावना**: ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "ऋण तथा जमानत (चौबीसौं संशोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सम्बत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।"

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" मूल रूपमा नै सुझाव बिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं

संशोधन) विधेयक, २०७७" लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

"ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस् भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ लाई मूल रूपमा नै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ असार ९ गते मङ्गलबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ असार ९ गते मङ्गलबार बिहानको ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।)

**अन्त्यः- दिउँसो २:१५ बजे ।**